# वीरशाली पन्तको जीवनीमा नयाँ प्रकाश

— राजाराम सुवेदी

नेपाली कविता साहित्यको प्राचीनकालका कविहरूमा उल्लेखनीय व्यक्ति मानिँदै आएका पं. वीरशाली पन्तका बारेमा जीज्ञाशा बढ्दै गएको पाइन्छ। उनको विषयमा कालो अक्षर पार्ने पहिला व्यक्ति इतिहास शिरोमणि बाबुराम आचार्य नै हुन्। हालसम्मका साहित्यकारहरूले वीरशाली पन्तको जन्म र मृत्युको टुङ्गोमा नपुगी अंध्यारोमा भटारो हानेका पाउँछौं। यस लेखमा ती वीरशाली पन्तको जीवनमा मिलेको नयाँ प्रकाश र एउटा अभिलेखको सम्बन्धमा उनको छोटो परिचय दिने उद्देश्य राखिएको छ।

इतिहास शिरोमणि बाबुराम आचार्यले "पुराना कवि र कवितामा" पं० वीरशाली पन्तलाई इन्दिरश, विद्यारण्य केशरी तथा वशन्त शर्मामा समकालीन मानेका छन्।[1] वीरेन्द्रकेशरी अर्यालले वर्णन गरेको वीरशाली पन्तकृत "कृष्ण चरित्र" 'लाश न सास' भएको छ। श्री कमल दीक्षितले "बुँईगलमा", श्री सूर्यविक्रम ज्ञवालीको सूक्ष्म जानकारीलाई प्रकाश पार्ने गरेका छन्।[2] इतिहासकार श्री जगदीशचन्द्र रेग्मीले 'सात साहित्यिक र ऐतिहासिक अभिलेख'मा वीरशाली पन्तलाई छोएका मात्र छन्।[3] श्री तारानाथ शर्माले "नेपाली साहित्यको ऐतिहासिक परिचय" मा वीरशाली पन्तको न्वारान वि. सं. १८६० मा गरेका छन्।[4] त्यसैगरी श्री यज्ञराज सत्यालले "नेपाली साहित्यको भूमिका" मा वीरशाली पन्तको नाम छपाएका छन्।[5] अभ्यन्तरमा अ.एर प्रा. श्री बालकृष्ण पोखरेलले "नेपाली भाषा र साहित्यमा" वीरशाली पन्तको साढे अठासी सिलोके ग्रन्थ "विमलवोधानुभव" फेला पारी प्रकाशित गरी उल्लेखनीय काम गरेका छन्।[6] कवि वीरशाली पन्त नाममा प्रचलित तर कृति अपरिचित छन् भनी श्री केशवप्रसाद उपाध्यायले पनि सहानुभूति प्रकट गरेका छन्।[7]

वीरशाली पन्तको जीवनी यथार्थ रूपमा खोजी प्रकट गर्ने हालसम्मको श्रेय श्री काजी रोशनले "मानसरोवरमा डुबुल्की मार्दा" कृतिमा गरेका छन्।[8] उनले वीरशाली पन्तको "कृष्ण चरित्र" छ हजार संस्कृत र छ हजार नेपाली पद्यका गरी जम्मा बाह्र हजार श्लोकवद्ध छ भनेका छन्। उक्त कृतिको एक तृतीयांश स्व० बालकृष्ण समकहाँ, अर्को तृतीयांश ढुण्डिराज शर्माकहाँ (गुल्मी) र अन्तिम खण्ड उदयराज पन्तसंग (बाग्लुङ्ग) छ भन्ने कुरा पनि काजी रोशनले संकेत गरेका छन्।

वीरशाली पन्त संस्कृतका धुरन्धर विद्वान थिए। उनी तत्कालीन बाइसी र चौबीसी राजाहरूकहाँ पनि आईजाई गर्थे। काठमाडौंतिर पनि उनको शुभाष चलेकै थियो। उनी आशुकवि पनि थिए। उनले कवितामा नै उत्तर दिन सक्तथे। उनी विवाहादि कार्यका श्लोक प्रतियोगितामा जहिले पनि विजयी हुन्थे भन्ने कुरा कीर्तिराज पन्त पण्डितबाट थाहा हुन आएको छ।[9] पं० वीरशाली पन्तले वैराग्य आए पछि जातपात मात्र छोडेको कुरा पनि किंवदन्तीका रूपमा थाहा थियो तापनि लिखित प्रमाण मिलेको थिएन। ती वीरशाली पन्तका बारेमा इत्यादि कुराहरूले खोजी गर्ने चाख बढ्न गयो।

त्यसै खोजीको प्रसंगमा वीरशाली पन्तबारे एउटा नयाँ कुरा पत्ता लाग्न गएको छ। उनले त्याग र योगको दीक्षा गुल्मी रेसुङ्गाका स्वामी सन्त शशिधरबाट प्राप्त गरेका हुन् भन्ने कुरा "वाणोपनिषद" मा राम्ररी उल्लेख गरिएको पाइन्छ। त्यसको केही अंश यस प्रकार छ :

"शशिधर स्वामि रेसुङ्गामा आफ्नो आश्रममा थिए। उनको आश्रममा वरिपरिबाट आएका धेरै भक्तजनहरू बस्तथे। सामान्य गाउँले गाउँलेनीहरू दिनको समयमा घरबाट आई दर्शन भेटगरी घर फर्कन्थे। श्री ५ महाराजाधिराज रणबहादुर शाहले आफूलाई "स्वामि महाराज" घोषित गरेर शशिधर स्वामिबाट दिक्षित भइसके पछिको (वि. सं. १८५७) यो घटना हो। बाग्लुङ्गका एकजना ब्राह्मण "पन्त" जो कट्टर कर्मकाण्डी थिए "स्वामिको दर्शन गरूं, केही ज्ञान प्राप्त गरूं" भन्ने उद्देश्यले रेसुङ्गामा आएछन्। ३।४ दिन लगातार पैदल हिंडेका, रेसुङ्गा पुग्ने दिन छल्दी खोलो तरेर वनको बाटो उकालो चढ्नु पर्दा बडो मुस्किलले साँझमा चुचूरामा पुगेछन्, स्याउला र खरले छाएका आठ दश वटा छाप्राहरूको एउटा सानो बस्ती (आश्रम) थियो। अझ छाप्राहरू भन्दा लगभग सयगजको दुरिमा एक्लो स्वामिजीको कुटी थियो। आगन्तुक पण्डितजी भक्तहरूसंग सोधपुछगरी स्वामीका कुटीभित्र पसे। स्वामिजी कुशासनमा पलेटी कसेर आँखा चिम्ली ईश्वरात्मामा तल्लीन हुनुहुन्थ्यो।

घडि दुई रात बितेपछि स्वामिजीका आँखा उघ्रे। तत्कालै पण्डितजी स्वामिका पाउमा परी स्वामिजीले उनको मुखाकृतिबाट टाढाबाट आउँदा थाकेको बुझी अरू भक्तहरूसंग बसी विश्राम गर्न भनी संकेत गरे र यत्तिकैमा एउटी सेतै फूलेकी करीब सत्तरी वर्षकी तेजस्वीनी भक्तिनी बुढीले एउटा ताप्केमा भात ल्याई स्वामिका अघिल्तिर राखिदिइन्। अर्को एउटा सानो ताप्केमा सागपातको तिउन पनि उनले भातसंगै राखिन्। अनि एउटा कमण्डलुमा पानी पनि राखिदिएर उनी आफ्नो छाप्रोतिर गइन्। स्वामिजीले पनि आगन्तुकका निम्ति खानपिनको व्यवस्था गर्न तिनै भक्तिनीलाई अह्राएर उनकै अगाडि भात र तिउन अर्को भाँडामा नपस्कीकन (पकाएकै ताप्केहरूमा) सपासप खान थाले छन्। यस व्यवहारबाट अज्ञानी पण्डितजी तीनछक परे– "प्रभूले गुन्द्रिमा बसेको बस्यै भात खाए, लाएको दौरा छोडाएर चोखो धोति फेरेनन्, भात त्यति टाढाबाट आयो, स्वामीले न हातगोडा धोए, न पञ्चायतको धूप बत्ति गरे, न सन्ध्या जप गरे के आश्चर्य हो ?

आगन्तुकले स्वामिसंग केही कुरा गरेनन् चूपचाप उठी एउटा भक्तसंग छाप्रोमा रात बिताए। उनले मनमनै सोचे– 'यिनी प्रभू कर्मभ्रष्ट रहेछन्, व्यर्थमा धोका भयो तैपनि टाढाबाट आएको छु, यिनी व्यभिचारी पनि छन् कि– दुई चारदिन यहीं बसी यिनको कृयाकलाप हेर्नुपर्‍यो। ज्ञान पाउने कुरा सकियो। यस्ता आचारहीन व्यक्तिले कसरी मान्छेलाई आकर्षित गरेका रहेछन्, त्यतिमात्र बुझेर फर्कनु पर्ला।"

अर्को दिन पण्डितजी ब्रह्ममुहूर्तमा उठी स्नान संध्या तर्पण वलि–वैश्वदेव पूजापाठ आदि सबै वैनिक नियम आचार समाप्त गरी सूर्योदयको बेलामा स्वामिका कुटोमा पुगे, स्वामि ध्यानस्थ थिए। एक एक गरी धेरै भक्तहरू अगाडि थुप्रिए पछि सूर्य माथि निस्किसके पछि, स्वामिजीका आँखा उघ्रे। त्यसपछि ब्रह्मज्ञान सम्बन्धी स्वामिजीका वार्तालापले दिनको १२ बजायो। बेलुकोकै तरहले स्वामिलाई एउटा ताप्केमा भात र अर्को ताप्केमा तिउन आयो। दौरा लगाएको लगायै पकाएकै भाडामा स्वामिजीको ज्यूनार भयो। स्वामिजीले सन्ध्या तर्पण वलि–वैश्वदेवको त के कुरा, नुहाउने काम पनि गर्नु भएको देखिएन। पण्डितजीले साह्रै ताजूब मानी स्वामिजीलाई सोधे– "प्रभूजी हजुरले नुहाई धुवाई पूजापाठ इत्यादि केही गर्नु भएन। धोती फेर्नु भएन, पकाएकै भाँडामा भात खानु भयो। तपाईलाई कुन किसिमको ज्ञान प्राप्त भयो।"

त्यसपछि स्वामिजीले उनलाई उत्तर दिनु भएछ– "पण्डितजी, म पनि तपाईं जस्तै कर्मशील आचारनिष्ट थिएं। जुन ठाउँमा जन्मिएको थिएं, मेरो उही सावित्री कर्म सम्पन्न भएको थियो। मेरो पूर्वज आचारवान वैदिक ब्राह्मणहरू थिए। एक पटक बदरिकाश्रम तर्फ गएको थिएं। उही तेजस्वी तपोनिष्ठ ब्रह्मज्ञानीहरूको दर्शन पाएं। उनीहरूको असांसारिक तेजबाट प्रभावित भएर म घर आएपछि गौतम

बुद्धले झैं घर परिवार छोडी अज्ञाततिर लागें। मलाई हिजो आज स्नान सन्ध्या, पुजा, पाठ, तीर्थ, व्रत, उपवास, यज्ञ, जप इत्यादि कर्मकाण्डको कुनै मोह छैन। म कर्म निरपेक्ष छु। काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य– यी छवटा शत्रु जितेपछि कर्मको प्रयोजन छैन। अज्ञानावस्थामा जीवले संस्मरण गर्छ। ज्ञानावस्थामा संसारी क्रया केही छैन। भोक, तिर्खा, निंद, आलस्य इत्यादि शरीरका गुण हुन्। ममा भोक, तिर्खा आदि केही पनि छैन। म कर्म समुद्रलाई पार गरेर पल्लो तटमा पुगेको छु। तपाई त्यो समुद्रमा गोता लगाउदै हुनुहुन्छ फरक यत्ति हो। तपाईं-लाई त्यो कर्ममय संसार-समुद्र पार गर्न अझ धेरै संघर्ष गर्नु पर्छ, धेरै समय पनि लाग्ने छ। जन्म, मृत्यु, जरा, रोग इत्यादि सब शरीरका गुण हुन्। जीव अजन्मा, अजर, अमर, अव्याधि, अविनाशी, एकरूप शुद्धबुद्ध निष्कलंक छ। जीवात्मा ब्रह्मदेखि अभिन्न छ, पृथ्वीदेखि घडा अभिन्न भए जस्तै। तपाईं त्यहो घडाको रूपरंग सिगार्नमा, फूलबुट्टा भर्नमा तत्पर हुनुहुन्छ। म भने त्यस घडा भित्रको आकाश छु। तिमी घटलाई नै संभीरहेका छौ, त्यसैलाई जोगाउन तत्पर छौ। मैले यस घडालाई फुटाली सकें। यसैले फुटेको घडा सिगार्न नपर्ने भएकोले मलाई कर्मकाण्डको आवश्यकता छैन।"

यसरी सातदिनसम्म शशिधर स्वामिबाट ज्ञानका कुरा सुनेपछि पण्डितजीले स्वामिजीले खाएर बाँको रहेको पुरा ताप्के पुछपाछ गरी खान थालेछन्। केही दिनपछि उनी आफ्नो घरतिर फर्के होलान्।"

उनै वीरशाली पन्तका वंशज उदयराज पन्तसंग भेटी केही कुरा बुझ्ने आशा आएकोले जाँदा भेट पनि भयो। उदयराज पन्त २०१२ सालमा काठमाडौं तीनधारा पाकशालामा छँदा पद्मनाभकेशरीसंग, भेटहुँदा यो श्लोक "हरि हर हरि भक्त वीरशाली अधिका" भनेका थिए। वीरशाली पन्तको जीवनीको छोटो चित्र कवितात्मक रूपमा निज उदयराज पन्तले यसरी लेखेका छन्।[11]

"पूर्व मेची पश्चिम काली भित्र पर्ने देशमा,
मूसीकोट जाजरकोट बभाङ्गको राजमा।
घुम्दै फिर्दै कीर्ति छर्दै गए वीरशाली,
सुखिन्दा गौरव राखी फर्के स्वदेशमा।
धौलागिरि अञ्चलको बागलुङ्गको ठाउँमा,
जन्म लिए वीरशाली ढिकोचहुरे गाँउमा।
जवानीमा चढ्दै गए भक्तिरसमा लागे,
कालीकाको मन्दिरमुनी गए खुन्दुर्कीमा।
फलफूल आहार गरे घरबार त्यागे,
विदा भए घरबार आए कालीकामा।
एउटा गुफा भित्र पसी तपस्यामा लागे,
प्रकट भइन् भगवती उनको अगाडिमा।
तिम्रो तप पुरा भयो भन्ने वर पाए,
यस्तो वर जब पाए वृन्दावनमा लागे।
वृन्दारण्य भित्र पर्ने पोखरीको बीचमा,
तप गर्दा वीरशाली शिलापट्ट बने।"

माथिका उद्धरणहरूबाट यो कुरा स्पष्ट हुन्छ कि वीरशाली पन्त वि. सं. १८५७ पछि रेसुङ्गा पुगेको कुरा सान्दर्भिक छन्। त्यसबेला तिनी धर्मशास्त्रका पण्डित थिए। ब्राह्मणलाई पण्डित बन्न २० वर्ष लाग्दछ। पण्डितको तात्पर्य हुन्छ, "सच् सच् विवेकशाली बुद्धि" भएको पुरुष। तसर्थ सहजसाथ यो भन्न सकिने हुन्छ कि उनको जन्म वि. सं. १८४० भन्दा अगाडि नै भएको हुनुपर्छ। रेसुङ्गाका स्वामी शशिधरसंगको संगतबाट उनलाई नयाँ ज्ञान प्राप्त भयो। त्यसपछि उनी आफ्नो जन्मस्थान बाग्लुङ्ग फर्के। तर उनको कृष्ण भक्ति मार्ग सवल हुँदै गयो। उनी जीतेन्द्रीय भै बाग्लुङ्गकी काली देवीको मन्दिरसमीप बस्न थाले। उनी बसेको ठाउँलाई खुँदुर्के भनिन्छ जहाँ ५, ६ वटा आँपका बोट र ३४ वटा जीर्ण कुटी छन् तर उनी बसेको निशान केही मिलेको छैन। बाग्लुङ्गकी भगवतीको वि. सं. १६०० तिर पर्वतका राजा नारायण मल्लले पाल्पाली राजा मुनि मुकुन्द्र सेनकी छोरी विवाह गर्दा दाइजो स्वरूप पाई काली नदी र काठे खोलाको दोसाँध उपत्यकामा स्थापना गराएका थिए।[12] वीरशाली पन्तले उनै कालोदेवीको दर्शन पाएको कुरा उदयराज पन्तले उल्लेख गरेका छन् भने एउटा लोककथाको उल्लेख गरी उनी वृन्दावनतिर लागेको कुरा काजो रोशनले व्यक्त गरेका छन्।[13] वीरशाली पन्तद्वारा लिखित कृष्ण चरित्रको केही अंश हो भनी उदयराज पन्तले यी पंक्ति

भनेका छन् :

"परं तत्वं यै हो जानी बुझी उजारी मन परि ।

मूरारि कंशारी हरि हरि भजौं श्री नरहरि ॥"

पण्डित वीरशाली पन्तको विषयमा खोजी गर्दै जाँदा उनको जीवनका केही उल्लेखनीय घटनाहरू पनि थाहा हुन आएका छन् । वि. सं. १८७५ मा उनी घरजमानी भएर रू. १००१।– कर्जा तिरी गरिदिएको तमसूक उदयराज पन्तसंग फेला परेको छ । यसै आधार-बाट उनी ३०–३५ वर्षको हुँदो हुन् भन्ने अड्कल काजी रोशनले लगाएका छन् । अब प्रश्न उठ्छ उनको देहान्त कहिले भयो भन्ने कुरा । उनी वैष्णव सम्प्रदायमा दीक्षित भै वृन्दावनमा गएको कुरा बाग्लुङ्ग भेकतिर साह्रै प्रचलित भएको पाइन्छ । तापनि वि. सं. १८९६ सम्म उनी बाग्लुङ्गमै रहेछन् भन्ने कुरा प्रमाणित हुन आएको छ । उक्त कुराको पुष्टि गर्ने एउटा अभिलेख यहाँ उल्लेख गरिएको छ :।[4]

श्री ६ गुरुज्यू श्री ५ राजा

५ ३

स्वस्तिश्री सम्वत् १८९६ साल मिति माघ वदी ५ रोज ५ मा लिखितं वीरशाली पंडित आगे गावको घडेरीको वारी हाम्रो अंश श्री काकाज्यू हर्षदेव पन्तलाई –३– को जफती छंज्याल् दस्तुर तीरि चलन गर्नु कोही दिनमा विन्ति फिराया भन्या पनि –५– दक्षिण भनी चरण कमलमा चह्राया येस वातका साक्षी कीर्तिधर पन्त कपिलमुनी पन्त. लेषक साक्षी श्रीधर पन्त

उपर्युक्त अभिलेखले वीरशाली पन्त वि सं. १८९६ सम्म जीवितै रहेछन् भन्ने थाहा हुन्छ । त्यस बाहेक उनले आफ्नो गाँउ (बाग्लुङ्ग ढिकीचौर) को घडेरी आफ्ना काका हर्षदेवलाई दस्तुर तिरी चलन गर्न दिएको कुरा बुझिन्छ । यत्तिमात्र भए पनि वीरशाली पन्तको बारेमा जिज्ञाशा राख्ने नेपाली साहित्य एवं नेपाली इतिहास प्रेमीहरूका निम्ति सहयोग होस् र नयाँ कुरा पत्ता लगाउने नेपाली इतिहासको पुनर्जागरण युगमा आफू-लाई समर्पण गर्ने विद्वान एवं विदूषीहरूका निम्ति अन्य खोजी गर्ने आग्रह राख्दै यो निवन्ध यही टुङ्ग्याउँछु । अस्तु :

## पाद टिप्पणी र सन्दर्भ ग्रन्थ


१) बाबुराम आचार्य, 'पुराना कवि र कविता', (साझा प्रकाशन, ललितपुर, नेपाल) २०३५, पृष्ठ ७-८

२) कमलमणि दीक्षित, 'बुईंगल', (साझा प्रकाशन, ललितपुर, नेपाल), २०२८, पृष्ठ ३३३

३) जगदीशचन्द्र रेग्मी, 'सात साहित्यिक र ऐतिहासिक अभिलेख', (रत्न पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं, नेपाल), २०२३, पृष्ठ १–७३

४) तारानाथ शर्मा, 'नेपाली साहित्यको परिचय',(सहयोगी प्रकाशन, त्रिपुरेश्वर, काठमाडौं, नेपाल), २०२९, पृष्ठ २३

५) यज्ञराज सत्याल, 'नेपाली साहित्यको भूमिका', (रत्न पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं, नेपाल) २०२६, पृष्ठ ९

६) बालकृष्ण पोखरेल, 'नेपाली भाषा र साहित्य' (रत्न पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं, नेपाल), २०३२, पृष्ठ ११६-१२२

७) केशवप्रसाद उपाध्याय, 'प्राथमिककालीन कवि र काव्य प्रवृत्ति' (साझा प्रकाशन, ललितपुर, नेपाल), २०३२, पृष्ठ ३३७

८) काजी रोशन, 'मानसरोवरमा डुबुल्की मार्दा', (साझा

प्रकाशन ललितपुर, नेपाल), २०३५, पृष्ठ ८९-९५

९) पं. कीर्तिराज पन्त, वर्ष ६६, बाग्लुङ्ग जिल्ला, हरिचौर आदर्श गा., पं. वार्ड नं ६ संगको मिति २०३८ फागुन २३ गतेको भेटवार्ताबाट ।

१०) 'सन्त शशिधरको बाणोपनिषद्' (किरण पुस्तकालय, तम्घास, गुल्मी, नेपाल) २०३३ (लेखनाथ जयन्ती) पृष्ठ ७–१० । शमशेरबहादुर थापा, 'रणवीरसिंह थापा', (जगदम्बा प्रकाशन, ललितपुर, नेपाल), २०२३ पृष्ठ, १४२–१४३

११) उदयराज पन्त, "वीरशाली" (पद्य), ज्योति (विद्यामन्दिर बहुद्देश्यीय विद्यालय बाग्लुङ्गको मुखपत्र कुश्माण्डम चौथो ) २०२८, पृष्ठ ३१

१२) बिदूर खड्का "बाग्लुङ्गकी भगवती र चैतेदशैं मेला," 'स्वतंत्र विश्व' (नेपाल अमेरिकी पिशकोर अफिस, काठमाडौं) २०३६, पृष्ठ ३०–३३

१३) काजी रोशन, पूर्ववत्, पादटिप्पणी नं. ८ पृष्ठ – उही

१४) पं० कीर्तिराज पन्तको संकलनमा रहेको यो पत्र नेपालो कागजमा लेखिएको छ । यसको नापो लम्बाई १२ अंगुल, चौडाई ४ अंगूल छ । जम्मा छ पंक्तिमा तयार भएको यो अभिलेख नेपाली (पहाडी सेतबेरूबाबाट बनाएको) कागतमा कालो (मुसिरे कडूजबाट तयार गरिएको) मसीले लेखिएको छ । यसको फोटो लिने अनुकूल नपरेतापनि सक्कलसंग सकेसम्म मिलाई उतार गर्ने काम राम्ररी भएको हुंदा यहाँ प्रस्तुत छ । अनुकूल परे फोटो पनि पछि ल्याउने आशा राख्न सकिने प्रशस्त ठाउँ छ ।